# गंगादेव गाउँपालिका

## सानडाँडा, रोल्पा

२०७३

पत्र संख्या : २०८३/ ०८४
चलानी नं : ——

लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८३/०५/११

**शोक वक्तव्य**

रसुवा जिल्लाको भोटेकोशी नदी क्षेत्रमा आएको भीषण बाढी तथा प्राकृतिक विपद्का कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवनलगायतका जिल्लामा भएको जनधनको अपूरणीय क्षतिप्रति गंगादेव गाउँपालिका, रोल्पा गहिरो दुःख तथा मर्माहत भएको छ। उक्त विपद्मा परी ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन तथा आफन्तहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। प्रभावित क्षेत्रमा गंगादेव गाउँपालिकाका नागरिकहरू समेत रहेको जानकारी प्राप्त भएको हुँदा, सम्पर्कविहीन तथा प्रभावित व्यक्तिहरूको यथाशीघ्र खोजी, उद्धार तथा आवश्यक राहत उपलब्ध गराउने कार्यमा प्राथमिकता दिइने विश्वास व्यक्त गर्दछौं।

यस्तो दुःखद एवं विपद्को घडीमा प्रभावित नागरिकहरूको खोजी, उद्धार तथा राहतका कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउन संघ, प्रदेश र स्थानीय सरकार, स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित सरोकारवाला निकायहरूबीच आवश्यक समन्वय, सहकार्य र एकताका साथ कार्य गर्नु अपरिहार्य रहेको छ। यस दुःखद घडीमा सम्पूर्ण प्रभावित नागरिक तथा शोकसन्तप्त परिवारजनप्रति गंगादेव गाउँपालिका गहिरो सहानुभूति व्यक्त गर्दै खोजी, उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा आवश्यक सहयोग, समन्वय र सहकार्यका लागि ऐक्यबद्धता व्यक्त गर्दछौं।

भावपूर्ण श्रद्धाञ्जली !
हार्दिक समवेदना !!

............................
हरि बहादुर पुन
गा.पा.अध्यक्ष

Web: gangadevmun.gov.np Email: gangadevmun@gmail.com Phone: +977-9845570400